यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०५/२०८१-०८२ मिति २०८१/०८/१२ गते बसेको बैठकका यिहरु सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) मावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ ।

**संवत् २०८१ साल मंसिर १२ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:**

| शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|
| पुर्वाधार विकास शाखा | नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट चालु आर्थिक वर्ष २०८१/०८२ का लागि औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) अन्तरगत मकरीगाड-खण्डेश्वरी सडक खण्डमा सडक निर्माण कार्य गर्ने । |
| कृषि विकास शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत विनियोजन भएको, संघीय सरकार तथा प्रदेश सरकारबाट सशर्त अनुदान प्राप्त कार्यक्रमहरु नियमानुसार कार्यान्वयन गर्ने । |
| प्रशासन शाखा | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट खाद्य पदार्थ भण्डारणका लागि प्रशासकीय भवनको गेट नजिक रहेको भवन प्रयोग गर्न दिने । |
| वास इकाई | यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत खानेपानी तथा सरसफाई शीर्षकमा विनियोजन भएको बजेट, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानले खानेपानी तथा सरसफाई आयोजनाहरु कार्यान्वयन गर्ने । |
| आर्थिक प्रशासन शाखा | मकरीगाड जोड्ने सेलविसा-मकरीगाड सडकखण्ड मर्मतको भुक्तानीका लागि स्वीकृति दिने । |
| प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं.३ को बिसौनाचौर र वडा नं.६ को चौकीबगडमा थप एक/एक टेलिफोन टावर स्थापनाका लागि नेपाल टेलिकम शाखा कार्यालय दार्चुला मार्फत अनुरोध गर्ने । |
| पूर्वाधार शाखा | यस गाउँपालिकाको नयाँ प्रशासकीय कार्यालय जोड्ने दुनखोला देखि कार्यालय सम्मको खड्न्चीबाटो निर्माण गर्ने । |
| आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं.६ चौकीबगर स्थित निर्माण भएको झोलुङ्गेपुलको पहिलो र दोस्रो किस्ता वापतको रकम भुक्तानीका लागि स्वीकृति दिने । |
| आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं.६ वस्ने तेक्वान्दो खेलाडी श्री भरत सिंह महतालाई चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा वडा नं.६ को वडागत बजेटबाट भुक्तानीका लागि स्वीकृति दिने । |
| आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिक (श्रावण देखि कार्तिक महिना सम्म) को आय व्ययको विवरण स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ को उपदफा (३) अनुसार स्वीकृत गर्ने । |
| स्वास्थ्य शाखा | यस गाउँपालिकाको वडा नं.६ को मज्जे वस्तीमा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माणका लागि सामाजिक विकास कार्यालय दार्चुलालाई अनुरोध गर्ने । |